नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको ईजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था

**Progressive Finance Limited**

प्रोग्रेशिभ फाइनान्स लिमिटेड

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ उपदफा (३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण:

***(अवधि २०७७ वैशाखदेखि असारमसान्त सम्म)***

| **क्र.स** | **विवरण** | **व्यवस्था** |
|---|---|---|
| १. | निकायको स्वरुप र प्रकृति | कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था ऐन, २०७३ बमोजिम नेपाल राष्ट्र बैंकबाट 'ग' वर्ग इजाजतपत्र प्राप्त गरी सञ्चालित राष्ट्रिय स्तरको वित्तीय संस्था । |
| २. | निकायको काम, कर्तव्य र अधिकार | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ कम्पनी ऐन, २०६३ तथा तथा नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन अनुसारको काम, कर्तव्य र अधिकार रहेको छ । |
| ३. | निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण | हाल स्थायी, अस्थायी, करारसमेत गरी जम्मा कर्मचारी संख्या ८१ रहेको तथा निजहरुको कार्यविभाजन पद र क्षमताको आधारमा जिम्मेबारी तोकिएको र व्यवस्थापन समूहको नाम र पद संस्थाको वेभसाईट www.pfltd.com.np मा हेर्न सकिन्छ । |
| ४. | निकायबाट प्रदान गरिने सेवा | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम 'ग' वर्गका वित्तीय संस्थाले दिन सक्ने सम्पूर्ण बैंकिङ्ग सेवाहरु |
| ५. | सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी | बैंकिङ्ग सेवा प्रदान गर्ने शाखाहरु तथा एक्सटेन्सन काउण्टरहरु र जिम्मेवार अधिकारीहरुको विवरण वित्तीय संस्थाको वेभसाईट www.pfltd.com.np मा उपलब्ध छ । |
| ६. | सेवा प्राप्त गर्न लाग्ने दस्तूर र अवधि | दस्तूर सम्बन्धमा वित्तीय संस्थाले विनियममा उल्लेख तथा पत्रिकामा सार्वजनिक सूचना प्रकाशन गरे बमोजिम र अवधिको हकमा कामको प्रकृति अनुसार फरक पर्नेछ । |
| ७. | निर्णय गर्ने प्रक्रिया र अधिकारी | बैंकिङ्ग कारोबारका सम्बन्धमा विभिन्न प्रकारका निर्णयहरु विभिन्न तहका अधिकारीहरुले गर्न सक्ने प्रक्रिया मिलाइएको छ । नियमित कार्य सञ्चालन सम्बन्धमा प्रमुख कार्यकारी अधिकृत तथा वित्तीय संस्थाको सञ्चालक समिति अन्तिम निर्णयकर्ताको रुपमा रहेको छ । |
| ८. | निर्णय उपर उजुरी सुन्ने अधिकारी | उजुरीको प्रकृति अनुसार विभागीय प्रमुख, कार्यकारी प्रमुख तथा सञ्चालक समिति |
| ९. | सम्पादन गरेको कामको विवरण | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम 'ग' वर्गका वित्तीय संस्थाहरुले गर्न सक्ने बैंकिङ्ग कारोबारहरु सम्पादन भईरहेको छ । |
| १०. | सूचना अधिकारी र प्रमुखको नाम र पद | • महेश्वर पहारी (सूचना अधिकारी-नायब प्रमुख कार्यकारी अधिकृत)<br>• विशाल हुमागाई (प्रमुख कार्यकारी अधिकृत, कर्पोरेट कार्यालय तीनकुने काठमाण्डौं) |
| ११. | ऐन, नियम, विनियम वा निर्देशिकाको सूची | प्रचलित सम्पूर्ण ऐन, नियम, विनियम र निर्देशिकाहरु वित्तीय संस्थाले पालना गर्नु पर्ने हुन्छ भने देहाय बमोजिमको नियम, विनियम र निर्देशिकाहरु बैंकिङ्ग कार्यका लागि प्रमुख रुपमा रहेका छन् ।<br>१. बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३<br>२. नेपाल राष्ट्र बैंक ऐन, २०५८<br>३. बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८<br>४. कम्पनी ऐन, २०६३<br>५. बैंकिङ्ग कसुर तथा सँजाय ऐन, २०६४ |

| | | |
|---|---|---|
| | | ६. सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४<br>७. धितोपत्र सम्बन्धी ऐन, २०६३<br>८. सुरक्षित कारोबार ऐन, २०३४<br>९. मुलुकी देवानी सँहिता, २०७४<br>१०. विनिमय अधिकारपत्र ऐन, २०३४<br>११. उपरोक्त ऐनहरु बमोजिमका सम्पूर्ण नियम तथा विनियमहरु ।<br>१२. नेपाल राष्ट्र बैंक, कम्पनि रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्डबाट जारी भएको निर्देशिका तथा परिपत्रहरु । |
| १२. | आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण | वित्तीय संस्थाको आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी विवरणहरु त्रैमासिक एवं वार्षिक रुपमा अद्यावधिक गरी राष्ट्रियस्तरको पत्रपत्रिकामा प्रकाशित हुदै आएको छ भने वित्तीय संस्थाको वेभसाईट www.pfltd.com.np मा समेत त्यस्तो विवरण राखिएको छ । |
| १३. | तोकिए बमोजिमको अन्य विवरण | वित्तीय संस्थाले आवश्यकता बमोजिमका विवरणहरु नियमित रुपमा सम्बन्धित निकायहरुमा पेश गरिने तथा सार्वजनिक प्रकाशन गरिने व्यवस्था रहेको छ । |
| १४. | अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सो को विवरण | नियमित वित्तीय सेवा तथा संस्थागत सामाजिक उत्तरदायित्व बाहेक अन्य कुनै कार्यक्रम आयोजना गरेको छैन । |
| १५. | सार्वजनिक निकायको वेभसाईट भए सो को विवरण | www.pfltd.com.np |
| १६. | सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण | नरहेको |
| १७. | सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सो को प्रगती विवरण | वित्तीय संस्थाको वेभसाईट www.pfltd.com.np मा राखिएको । |
| १८. | सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि | नभएको । |
| १९. | सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण | नभएको । |
| २०. | सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सो को विवरण | वार्षिक प्रगति तथा विवरणहरु पुस्तिकाका रुपमा सञ्चालक समितिको प्रतिवेदनको रुपमा प्रकाशित गरिएको र अन्य वित्तीय विवरण तथा सूचनाहरु वेभसाईट, पत्रपत्रिका, रेडियो, टि.भि समेतबाट प्रशारण प्रकाशित गरिंदै आएको छ । |